# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

**केन्द्रीय कार्यालय (Central Office)**

हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

६ मङ्सिर, २०७९

### विस्तृत शान्ति सम्झौताको १६ वर्ष : कार्यान्वयनको अवस्था अझै चुनौतीपूर्ण

### सङ्क्रमणकालीन न्यायलाई छिटो टुङ्गोमा पुर्‍याउन आग्रह ।

नेपाल सरकार तथा तत्कालीन नेकपा माओवादीबिच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौतापश्चात् नेपालमा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वको औपचारिक रुपमा अन्त्य भएको १६ वर्ष पूरा भएको छ । विस्तृत शान्ति सम्झौताका आठ वर्षपछि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोग गठन भए तापनि कानूनी अस्पष्टता र राजनीतिक दलहरुको इच्छाशक्तिको कमीका कारण सङ्क्रमणकालीन न्याय प्रदान गर्ने सम्बन्धमा गठन भएका आयोगहरुबाट आशातीत रुपमा न्यायिक निरुपण हुन सकेन । यी आयोगहरु हाल पदाधिकारीविहीन अवस्थामा रहेका छन् । सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित ऐनको संशोधन विधेयक नेपाल सरकारले यसै वर्ष संसदमा पेश गरेको भए तापनि उक्त संशोधन विधेयक पीडित, नागरिक समाज एवम् सरोकारवालासँग पर्याप्त छलफल नगरी संसदमा पेश गरिएको भन्दै पीडित तथा अन्य सरोकारवालाहरुले असन्तुष्टि जनाएका थिए ।

राष्ट्रिय मानव अधिकार आयोगले आयोगमा दर्ता भएका द्वन्द्वकालीन उजुरीहरुउपर अनुसन्धान, निर्णय र सिफारिसहरु गर्दै आइरहेको छ । आयोगको सिफारिसबमोजिम हालसम्म पनि मानव अधिकार उल्लंघनमा संलग्न दोषीउपर कारवाही र पीडितलाई परिपूरणका कार्यहरु पूरा नहुँदा द्वन्द्वपीडित तथा पीडित परिवारहरुले न्याय प्राप्तिको अनुभूति गर्न नसकेको अवस्था छ । राजनीतिक दलका शीर्ष नेताहरु समेतबाट द्वन्द्वपीडितहरुलाई न्याय प्रदान गर्न ढिलाई भएको कुरा स्वीकार गर्दै सङ्क्रमणकालीन न्याय संयन्त्रहरुमार्फत शीघ्र न्याय प्रदान गरी सङ्क्रमणकालीन न्यायको सम्बोधन गर्ने प्रतिबद्धता समेत यसअघि पटकपटक व्यक्त भएको आयोग स्मरण गराउँदछ ।

द्वन्द्वपीडितहरुले न्याय पाउनु पर्दछ भन्ने कुरामा आयोग दृढ छ । अतः राष्ट्रिय मानव अधिकार आयोगले यसअघि गरेका सिफारिस, सर्वोच्च अदालतको फैसला र अन्तर्राष्ट्रिय मान्यताबमोजिम सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित कानुनहरुमा संशोधन गर्न र रिक्त रहेका सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित आयोगहरुमा यथाशीघ्र पदाधिकारीहरु नियुक्त गरी सङ्क्रमणकालीन न्यायलाई छिटो टुङ्गोमा पुर्‍याउन आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ ।

.........................

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org